क्षेत्रीय अखबार
पश्चिम नेपाल
-वर्ष: २०, अङ्क: ८७, २०८२ भदौ २४ गते मंगलबार (9 Sep., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# जेनजीमाथि सरकारको बर्बर दमन, १९ जनाले ज्यान गुमाए, सयौं घाइते

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २३ भदौ**

दसैँ नजिकिँदै जाँदा गत साल के भएको थियो ? हामी सबैलाई थाहै छ । दसैँको ठिक एक साताअघि बाढीपहिरोमा परी करिब २५० जनाले ज्यान गुमाएका थिए, सयौँ घाइते भए । थुप्रै विस्थापित भए । यो दर्दनाक घटनालाई यसकारण स्मरण गरियो, यस वर्ष पनि दसैँ आउन १५ दिन बाँकी रहँदा काठमाडौँमा १७ र इटहरीमा २ जना गरी १९ जनाले एकै दिन अमूल्य जीवन गुमाए । सयौँ जेनजी युवा घाइते छन् ।

फरक यति हो, गत साल प्राकृतिक विपत्ति वैरी भएको थियो, यसपालि आफ्नै सरकार यमराज । बढ्दो भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धको विरोधमा जेनजी पुस्ताका युवायुवतीले सोमबार देशव्यापी प्रदर्शनको आह्वान गरेका थिए । तर शान्तिबाट भएको सुरुवात बर्बर हिंसामा परिणत हुन पुग्यो । सोमबार बिहान माइतीघर मण्डला पुग्दै गर्दा जेनजी पुस्ताले कल्पना पनि गरेका थिएनन् होला, आफ्ना १७ जना साथीले प्रहरीको गोलीले ज्यान गुमाउलान् भनेर । तर जे नसचेको त्यही भइदियो ।

जेनजी पुस्ताले जनाउ दिएको प्रदर्शनको समय नजिकिँदै जाँदा काठमाडौँको माइतीघरमा बाक्लो सङ्ख्यामा सुरक्षाकर्मी तैनाथ दिए । प्रदर्शनमा सहभागी जेनजीहरुले भ्रष्टाचार विरोधी र सामाजिक सञ्जाल प्रतिबन्धविरुद्धका प्लेकार्डहरू बोकेका थिए । त्यसमध्ये एउटा प्लेकार्डमा मिठो गरी लेखिएको थियो, 'डियर पुलिस, हुज साइड आर यु अन टुडे रु अस अर द करप्टेड लिडर्स ।'

जेनजीहरुले प्लेकार्डमार्फत प्रहरीलाई सोधेका रहेछन्, 'हामीलाई साथ दिने कि भ्रष्टाचारमा डुबेका नेतालाई ?' तर माइतीघरमा त्यस्तो ब्यानर देखाएका जेनजी प्रदर्शनकारीहरू बानेश्वर पुग्दा अवस्था अर्कै भइदियो । प्रदर्शनकारीहरू निषेधित क्षेत्र तोड्दै संसद् भवनको प्रवेश द्वारमा पुग्दा प्रहरीले अन्धाधुन्ध गोली बर्सायो । नजिकैको सिभिल अस्पतालमा घाइतेहरूलाई लगियो । प्रहरी अस्पताल परिसरमा समेत अश्रुग्याँस प्रहार गर्न पुग्यो ।

नजिकै अर्को अस्पताल एभरेस्टदेखि राष्ट्रिय ट्रमा सेन्टर सम्मका बेड घाइतेहरूले भरिएका छन् । तीमध्ये कतिको अवस्था चिन्ताजनक छ । प्रविधि उपयोगको हिसाबमा 'जेनेरेसन'को वर्गीकरण गरिने अन्तर्राष्ट्रिय अभ्यास छ । यस अर्थमा जेनजी भन्नाले सन् १९९७ देखि २०१२ सम्म जन्मिएको पुस्ता हो । जो अहिले १३ वर्षदेखि २८ वर्षबिचको उमेर समूहमा छ ।

अन्य मुलुकका जेनजी झैँ नेपाली जेनजी पनि तुलनात्मक रूपमा इन्टरनेट र सामाजिक सञ्जालको बढी प्रयोग गर्दै हुर्कियो । यो पुस्ताले विश्व देखेको छ, एउटा डिभाइसमा हातको औँला चलाउँदै । विकासको चरम स्थितिमा पुगेका देशहरू नियालेको छ । ती देशको सिस्टम देखेको छ, रहनसहन देखेको छ ।

अनि उसले आफ्नो देशलाई फर्किएर हेर्दा केही पाउँदैन । जताततै भ्रष्टाचार, बेथिति, अस्तव्यस्त प्रणाली मात्रै । यो सब देखेर बिरक्तिएको नेपाली जेनजी पछिल्लो समय सरकारले मुख्य सामाजिक सञ्जालमाथि प्रतिबन्ध लगाएपछि झनै आक्रोशित बन्यो ।

'विना परिश्रम' नेताका छोराछोरीको लक्जरी लाइफलाई लिएर केही समय पहिलेदेखि नै सामाजिक सञ्जालमा यो पुस्ताले 'नेपो बेबी विनर, जनता लुजर' अभियान चलाइरहेकै थियो । यसको अर्थ उनीहरू भ्रष्टाचार विरोधी अभियानमा जोडिँदैथे । तर सामाजिक सञ्जालमाथि रोक लगाउने सरकारको कदमले उनीहरूको आक्रोशको पारो अरू चढाइदियो । त्यसपछि उनीहरू सडकमा आएर बढ्दो भ्रष्टाचार, बेथिति र सामाजिक सञ्जाल प्रतिबन्धको विरोधमा सरकारविरुद्ध आन्दोलनमा उत्रिए । जुन दिन हो आज अर्थात् २०८२ भदौ २३ गते ।

तर शान्तिपूर्ण आन्दोलन बर्बर हिंसामा परिणत हुँदा देशलाई नै स्तब्ध बनाएको छ । यसरी 'जेनजी मुभमेन्ट'ले आह्वान गरेको शान्तिपूर्ण आन्दोलनलाई किन र कसरी रणभूमिमा परिणत भयो ? गम्भीर प्रश्न उब्जिएको छ । यसको कारक केही त आन्दोलनकारी युवाको आवेग हो, धेरै चाहिँ सरकारले विवेक गुमाएको हो । विभिन्न विकल्प हुँदाहुँदै प्रहरीले गोली नै बर्साउनु बर्बरताको हद हो । जेनजीले सोमबार गरेको प्रदर्शनको नेतृत्व घोषित रूपमा कसैले पनि गरेका थिएनन् । उनीहरू टिकटकजस्ता सामाजिक सञ्जालमा जोडिएर स्वत:स्फूर्त रूपमा आन्दोलनमा जोडिएका हुन् । उनीहरूको आन्दोलनप्रति ऐक्यबद्धता जनाउन विपक्षी दलहरूदेखि काठमाडौँ महानगरका मेयर बालेन शाह, नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङसम्म मात्र होइन, दुर्गा प्रसाईंसम्मको होडबाजी चल्यो । प्रसाईंले त प्रदर्शनमा साथ दिन आफ्नो टिम आउनेसम्मको कुरा गरेका थिए ।

तर सुझबुझ भएको अहिलेको जेनजी पुस्ताका अगुवाहरूले आफ्नो आन्दोलन 'नेतातन्त्र' विरुद्ध भएको र कोही पनि नेता नचाहिने भन्दै प्रसाईंलाई भेटेरै फर्काइदिए थिए । यसरी उनीहरू आफैँ नेता बनेर होइन, सामूहिक नेतृत्वमा स्वत:स्फूर्त आन्दोलनमा उत्रिएकोमा शङ्का गरिरहनु पर्दैन । तर भीडमा सबैको सोच एकै हुँदैन । सबैलाई चिन्न पनि सकिँदैन । यस्तै बेला हो, व्यवस्थापन गर्ने टिम नहुँदा कुनै पनि आन्दोलन भड्किने सम्भावना हुने ।

जेनजी मुभमेन्टले सोमबारको आन्दोलनमा यति धेरै सहभागिता हुने आङ्कलन गरेको पनि थिएन । तर सरकारका काम र कार्यशैलीविरुद्ध सबैभन्दा बढी रुष्ट जेनजी युवाहरू ठुलो संख्यामा प्रदर्शनमा सहभागी भए । यसको व्यवस्थापनको प्रणाली नबनाउँदा भीड नियन्त्रणमा सकस भयो ।

कतिपयले भनेजस्तो घुसपैठ भएको भए अर्कै पाटोबाट अनुसन्धान गर्नुपर्ला । जे भए पनि आन्दोलनमा सरकारले अत्यधिक बल प्रयोग गर्दा हिंसात्मक बनेको तथ्य लुकेको छैन । सार्वजनिक फोटो र भिडियोहरूले सुरक्षाकर्मीले संयम गुमाएको स्पष्ट देख्न सकिन्छ । माइतीघरदेखि नयाँ बानेश्वरको निषेधित क्षेत्र नपुग्दासम्म प्रहरीले प्रदर्शनकारीलाई रोक्ने जाँगर देखाएको देखिएन । नयाँ बानेश्वरको निषेधित क्षेत्रमा पुगेपछि भने भीड नियन्त्रणमा सिधै गोली प्रहार गरेको देखिन्छ । चैत्र १५ को तीनकुने घटनाको नक्कल गरेर प्रदर्शनकारीको दोष देखाएर जेनजीनहरुमाथि निर्मम दमन गरेर आन्दोलन दबाउन सरकारद्वारा रचिएको नियोजित चालबाजी त थिएन यो कतै ?

एकै दिन २० होनहार युवाको ज्यान लिने सरकारलाई के भन्ने ? क्रूरताको मामिलामा तत्कालीन राजा ज्ञानेन्द्रलाई पनि माथ गरेको छ प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको एमाले-कांग्रेस गठबन्धन सरकारले, २०६२/६३ को १९ दिने जनआन्दोलनमा २५ जनाले ज्यान गुमाएका थिए । हुन त मृत्युलाई तुलना गर्नु न्यायपूर्ण हुँदैन, यो तुलना क्रूरताको गरिएको हो । व्यवस्था बदल्ने जनआन्दोलनमा भएको कुल मानवीय क्षति जति जेनजीको भ्रष्टाचार र सामाजिक सञ्जाल प्रतिबन्धविरुद्धको प्रदर्शनमा एकै दिन हुनु भनेको क्रूरताको कुन हद हो ?

जेनजीले त्यस्तो के माग राखेका थिए र ? 'भ्रष्टाचार बढ्यो, नियन्त्रण गर', 'हाम्रो पुस्ता बिदेसिन बाध्य छ, देशभित्रै केही गर्ने वातावरण बनाइदेऊ', 'जेनजी सामाजिक सञ्जालसँगै हुर्कियो, यसलाई नखोस', 'सामाजिक सञ्जालबाट आम्दानी गरिरहेकाहरूलाई भोको नबनाऊ' । यस्तै माग त थिए उनीहरूका । त्यस्तो माग गर्नेको ज्यानै लिनुपर्छ सरकार ? कलिला युवामाथि गोली बर्साएर ज्यान लिनु कि बहादुरी हो सरकार ?

देशका युवामा बढेको 'फ्रस्टेसन'को समाधान कसरी गर्ने भन्ने ध्याउन्नमा छैन सरकार । किन बिदेसिने बाध्यतामा छ युवा भन्नेमा चासो राख्दैन सरकार । अनि गरिखाने वातावरण बनाऊ, गरिखाने माध्यम नखोस भनेर आन्दोलनमा उत्रिएका युवालाई गोली बर्साएर बहादुरी देखाउने होइन सरकारले, सरकारमा बस्नेले । बानेश्वर घटनाको निष्पक्ष छानबिन हुनुपर्छ । अस्पताल परिसरभित्रै धरपकड, अश्रुग्याँस र गोली चलेका खबरहरू आइरहेका छन् । अस्पतालमा समेत यस्तो घटना किन हुन पुग्यो ? प्रश्नहरू यथेष्ट उठेका छन् । राष्ट्रिय मानवअधिकार आयोगले प्रहरीले अन्धाधुन्ध घातक बल प्रयोग गरेको निष्कर्ष निकाल्दै सरकारको ध्यानाकर्षण गराइसकेको छ । प्रदर्शनपूर्व नै उच्च सुरक्षा व्यवस्था तयार गरी थप क्षति हुन नदिन, प्रदर्शनमा अत्यधिक बल प्रयोग नगर्न, पछिल्लो पुस्ताले उठाएका आवाजहरूको यथोचित रूपमा समयमै सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराइसकेको छ ।

सरकार नागरिकको अभिभावक हो । उसैले अहिलेको परिस्थितिलाई सम्हाल्न उच्च नैतिकता देखाउनुपर्छ । तर नैतिकता एकादेशको कथाजस्तै हुन लागेको नेपाली राजनीतिमा यति सोच्नु अलि टाढा नै हुन्छ होला । नत्रभने एकै दिन १९ जनाको ज्यान जाने गरी भएको बर्बर घटनाको नैतिक जिम्मेवारी लिँदै प्रधानमन्त्रीले राष्ट्रको नाममा सम्बोधन गरेर माफी माग्नु पर्दैन ?

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

कञ्चनपुर

**सूचना ! सूचना !! सूचना !!!**

मिति: २०८२।०५।२४

यस कार्यालयको आ.ब २०८२।०८३ को स्विकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकाले ईच्छुक तथा सम्बन्धित कृषक वा कृषि संस्थाहरु (समुह,सहकारी,फर्म,कम्पनि आदि) ले यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन (२०८२/०६/२२) कार्यालय समय भित्र तपसिलका कागजातहरु सहित यस कार्यालयमा आवेदन पेश गर्नहुन यो सूचना प्रकाशन गरिएको छ । सूचनाको म्याद समाप्त भए पश्चात तथा आवश्यक कागजात नपुग भएका प्राप्त आवेदनहरु उपर कुनै कारवाहि गरिने छैन ।

**आवश्यक कागजातहरु:**

क. रु.१० को टिकट टास गरेको निवेदन तथा प्रस्ताव पत्र (अनुसूची ५) ।
ख. कृषक संस्था दर्ता प्रमाण पत्र, पान नं. तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।
ग. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
घ. सम्बन्धित स्थानियतह अन्तर्गत वडा कार्यालयको सिफारिस ।
ङ. समुह/समिति/सहकारीको हकमा कार्यक्रम संचालन सम्बन्धी निर्णयको प्रतिलिपि ।
च. कार्यक्रममा लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र ।
छ. सम्बन्धीत बिषयमा तालीम लिएको भए सोको प्रमाणित प्रतिलिपि ।
ज. बैदेशिक रोजगारी बाट फर्केको भए सोको पुष्टी हुने खालको प्रमाण ।
झ. कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्त देखिने कागजातको प्रमाणित प्रतिलिपी ।
ञ. जग्गा लिजमा लिएको भए कम्तीमा १० बर्षको आधिकारिक करारनामा वा सम्झौता पत्र ।
ट. निवेदन/प्रस्ताव बाफतको राजश्व दस्तुर रकम तपसिल अनुसार प्रदेश सरकारको रा.बा.बैंक स्थित राजश्व शिर्षक नं.१४२२९ र कार्यालय कोड भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुर ३१२०२७६०१७ मा जम्मा गरेको भौचर वा कार्यालयले जारी गरेको नगदी रसिद (पछि फिर्ता नहुने गरि) ।

- रु.१ लाख भन्दा कमको प्रस्तावको लागि शुल्क नलाग्ने ।
- रु.१ लाख देखि माथी रु.५ लाख सम्मको प्रस्तावको लागि रु.३००।
- रु.५ लाख देखि माथीको प्रस्तावको लागि रु.१०००।

**कार्यक्रमहरु**

| कार्यक्रमको क्र.सं | कार्यक्रमको नाम | ईकाई | परिमाण | बजेट रु.हजार | कार्यक्रम संचालन हुने स्थान | प्रस्ताव पेश गर्ने आधारहरु |
|---|---|---|---|---|---|---|
| 2.7.15.5029 | बंगुर प्रवर्द्धन कार्यक्रम | पटक | 1 | 4000 | जिल्लाभरी | ब्यवसायिक रुपमा बंगुरपालन गरेका फार्म/समुह/सहकारीहरु । |
| 2.7.18.3117 | पशुपन्छी तथा मत्स्य स्रोत केन्द्र स्थापना/सुदृढीकरण | संख्या | 2 | 3000 | ,, ,, | बृहत रुपमा पशुपन्छी तथा मत्स्यपालन गरेका फार्महरु । |
| 2.7.18.3142 | स्थानीय पोल्ट्री पालन प्रवर्द्धन कार्यक्रम | संख्या | 10 | 1000 | ,, ,, | स्थानिय कुखुरापालन गरेका फार्महरु |
| 2.7.18.3277 | लागत साझेदारीमा दुध संकलन केन्द्र निर्माण | पटक | 1 | 1500 | कृष्णपुर न.पा. | दुध संकलन कारोबार गरिरहेका उद्यमी/सहकारी । |
| 2.7.18.3279 | लागत साझेदारीमा दुध संकलन केन्द्र निर्माण | पटक | 1 | 2000 | भिमदत्त न.पा. | दुध संकलन कारोबार गरिरहेका उद्यमी/सहकारी । |
| 2.7.18.3278 | जलबायुमैत्री व्यवसायिक कुखुरा पालन | पटक | 2 | 3000 | पुनर्वास न.पा. र लालझाडी गा.पा. | ब्यवसायिक रुपमा कुखुरापालन गरेका फार्महरु । |
| 2.7.18.3281 | वधस्थल स्तरोन्नति | पटक | 1 | 1000 | पुनर्वास न.पा. | वधस्थलहरु । |
| 2.7.18.3280 | बंगुर प्रवर्द्धन कार्यक्रम | पटक | 2 | 4000 | पुनर्वास न.पा. र लालझाडी गा.पा. | ब्यवसायिक रुपमा बंगुरपालन गरेका फार्म/समुह/सहकारीहरु । |
| 2.7.17.199 | माछा पोखरी तथा प्राकृतिक तालमा माछाको उत्पादकत्व सुधार सहयोग | संख्या | 10 | 3000 | जिल्लाभरी | ब्यवसायिक माछापालकहरु । |
| 2.7.17.200 | मत्स्य ह्याचरी निर्माण/सुदृढीकरण | संख्या | 2 | 1000 | ,, ,, | संचालनमा रहेका ह्याचरीहरु । |
| 2.7.18.3006 | भेटेरीनरी अध्ययन गरेका र विदेशबाट फर्किएका युवा लक्षित कार्यक्रम | संख्या | 15 | 1500 | ,, ,, | भेटेरीनरी अध्ययन गरेका जे.टी./जे.टि.ए.हरु । |
| 2.7.18.3121 | गौशालालाई मोडल उद्योगका रुपमा सञ्चालन (प्राङ्गारिक मल, मुत्र, दुध उत्पादन) | संख्या | 2 | 4000 | ,, ,, | संचालनमा रहेका गौशालाहरु । |
| 2.7.18.3296 | छाडाचौपाया संरक्षणका लागि गोठ प्रजनन केन्द्र निर्माण | पटक | 1 | 2000 | कृष्णपुर न. पा. | संचालनमा रहेका गौशाला । |
| 2.7.18.3297 | मत्स्य पोखरी सुदृढीकरण तथा पर्वधन कार्यक्रम | पटक | 1 | 1500 | ,, ,, | ब्यवसायिक माछापालकहरु । |
| 2.7.18.3295 | डेरी तथा दुध संकलन केन्द्र | पटक | 1 | 1000 | ,, ,, | दुग्ध कारोबार गरिरहेका । |
| 2.7.18.3294 | मत्स्यपालन पोखरी स्तरोन्नति तथा प्रबर्दन कार्यक्रम | पटक | 1 | 2000 | बेलौरी न.पा. | ब्यवसायिक माछापालकहरु । |
| 2.7.18.3293 | बंगुर पालन प्रबर्दन कार्यक्रम | पटक | 1 | 1000 | ,, ,, | ब्यवसायिक बंगुरपालक । |
| 2.7.18.3292 | बंगुर पालन प्रबर्दन कार्यक्रम | पटक | 1 | 1000 | बेलडाडी गा.पा. | ब्यवसायिक बंगुरपालक । |
| 2.7.18.3291 | एकीकृत भैशी पालन प्रबर्दन कार्यक्रम | पटक | 1 | 1500 | बेलौरी न.पा. | ब्यवसायिक भैसीपालक । |
| 2.7.18.3122 | पशु आहाराको लागि साइलेज प्रयोगमा प्रोत्साहन | पटक | 1 | 1000 | जिल्लाभरी | साइलेज प्रयोग गर्न ईच्छुक ब्यवसायिक पशुपालक कृषकहरु । |

**नोट :** क. लागत साझेदारी प्रतिशत फार्मको हकमा ५० प्रतिशत तथा समुह/समिति/सहकारीको हकमा २५ प्रतिशत लागु हुने छ । ख. प्रस्ताव पेश गर्दा प्रस्तावकले सम्बन्धीत कार्यक्रममा ब्यवसायिक रुपले काम गरेको तथा सम्बन्धीत क्षेत्रमा कार्य अनुभव भएको हुनु पर्ने छ । ग. आवेदकले प्रस्ताव फाराम भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुरमा दर्ता गर्नु पर्ने छ । घ. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलीपल्ट समेत प्रस्ताव दर्ता गरिने छ । ङ. प्रस्तावको अनुसूचीहरु यस कार्यालय तथा सम्बन्धीत स्थानियतह पशु सेवा शाखा बाट उपलब्ध गराईने छ ।

**बिस्तृत जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र कञ्चनपुर**
**फोन नं. ९८५८७५०३७९, ९८५८७८४५२४ र ९८४८८८१३६१**

# कञ्चनपुरमा पनि समाजिक सञ्जाल बन्दको बिरोध प्रर्दशन

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, २३ भदौ**

सरकारले समाजिक सञ्जाल बन्द गरेपछि त्यस बिरुद्धमा कञ्चनपुरमा पनि किशोर, युवा पुस्ता आन्दोलित भएका छन । आन्दोलित भएका छन । गत सातादेखि सरकारले समाजिक सञ्जाल फेसबुक लगायतका २६ समाजिक सञ्जाल बन्द गरेपछि कञ्चनपुरका किशोरदेखि युवा पुस्ता आन्दोलित भएका हुन । सोमबार उनीहरुले महेन्द्रनगर बजार सहित सरकारी निकाय क्षेत्रमा बिरोध प्रर्दशन गरेका छन । जेनजी उमेर समुहका युवाहरुले समाजिक सञ्जाल बन्द गरेर नागरिकको अभिव्यक्ति स्वतन्त्रता भन्दा मौलाएको भ्रष्टाचार बन्द गर्नुपर्ने माग अघि सारेर बिरोध प्रर्दशन गरेका हुन । दुई बर्षदेखि विदेशी आतङकवादी समुहको नियन्त्रणमा रहेका विपिन जोशीको रिहाई गर्न नसक्ने सरकारले सञ्चार बन्द गरेर जनतामाथि अन्याय गरेको भन्दै त्यस तर्फ युवा जागेको बताएका छन ।

जेनजी समुहका युवा सुजित श्रेष्ठले सरकारले गर्न नहुने काम गरेर नागरिकमाथि अन्याय गरेको हुँदा सडकमा आएको बताए । उनले पहिले युवाहरु कुनै सरकार वा सार्वनजिक निकायमा हुने अनियमितता, भ्रष्टाचार बारे समाजिक सञ्जालबाट खबरदारी गर्दै आएका थिए, अहिले समाजिक सञ्जाल बन्द गरेपछि त्यस बिरुद्ध युवा सडकमा आएको बताए ।

अर्की युवती जानकी जोशीले सरकारले भ्रष्टाचारकाण्ड लुकाउनकै लागि समाजिक सञ्जाल मार्फत जनताको मुख छोप्न लागेको बताईन । ‘अहिले वडादेखि सिहदरबारसम्मै भ्रष्टाचार बढेको बढ्यै छ, ‘उनले भनिन, ‘नागरिकले सरकारको सेवा र भ्रष्टाचार बारे समाजिक सञ्जालमा गुनासो पोख्न थालेपछि सञ्जाल बन्द गर्दा सडकबाटै सरकारलाई चेतावनी दिन लागेका छौं ।’ विद्यार्थी समिरा चन्दले जताजतै भ्रष्टाचार भईरहेको नदेख्ने रोक्न नसक्ने सरकारले जनताको आवाजदेखि भावना रोक्ने काम गरेको दुखेसो पोखिन । यसबाट विद्यार्थी युवा मात्रै होईन आम सबै पक्षको दैनिक जिवनमा प्रत्यक्ष प्रभाव परेको छ । युवा विद्यार्थी महेश गिरीले मानिस र प्रविधीको विकासक्रमसंगै पछिल्ला दिनहरुमा विज्ञानमा आएको विकासलाई पछ्याउँदै गईरहेका बेला सरकारले समाजिक सञ्जाल बन्द गरेर अन्याय गरेको बताए । ‘समाजिक सञ्जाल बन्द गरेर आज धेरै आमाबाबुका सन्तान घर, जिल्ला, देश बाहिर विदेशमा छन, ‘उनले भने, ‘आफन्त सन्तानहरुसंगको संचार पनि सरकारले जोड्नुको साटो तोडिदिएको छ ।’ आफुहरुलाई अध्ययनकै क्रममा पनि धेरै सहज हुने भएपनि सरकारको सनकीपनले त्यसबाट समेत बञ्चित भएको दुखेसो पोखे । उनले एमाले काँग्रेस नेतृत्वको सरकारले युगलाई ढुङगेयुगतर्फ फर्काउन लागेको आरोप लगाए ।

अर्का विद्यार्थी गणेश भट्टले वर्तमान एमाले, काँग्रेस नेतृत्वको पुराना पाटीको सरकारले मुलुकलाई संचारबाट तोडेर बेथिति गर्न खोजेको आरोप लगाए । ‘यही मुलुकमा राणा, राजादेखि पञ्चायतहरुले नागरिकको मुख थुन्ने काम गरेका थिए, जनतालाई ज्ञानसीप होईन रैती बनाएका थिए, त्यहीशैलीमा अहिलेको सरकार उद्यत छ, ‘उनले भने, ‘अहिलेको युग कहाँको कहाँ पुगिसक्यो तर हाम्रो सरकारले संचारको सुविधा बृद्धिको साटो बन्दको बाटोमा लागेको छ, यो भन्दा त वडादेखि सिहदरबारसम्मकै भ्रष्टाचार रोक्नुपर्छ ।’ कञ्चनपुरका युवाहरुले समाजिक सञ्जाल बन्दको निर्णय फिर्ता नलिदासम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन । भ्रष्टाचार बिरुद्ध युवा सडकमा आएपछि उनीहरुको आन्दोलनमा युवा पुस्ताहरुले समेत साथ सर्मजन जनाउँदै सरकार नहुने उल्टो उल्टो काममा लागेका बेला युवा पुस्ताले गर्ने खबरदारीमा साथ रहेको बताईरहेका छन ।

### समाजिक सञ्जाल बन्द बिरुद्ध रास्वपा कञ्चनपुर

सरकारले समाजिक सञ्जाल बन्द गरेर नागरिकको अधिकार कुण्ठित गर्न खोजेको भन्दै राष्ट्रिय स्वतन्त्र पाटीले बिरोध गरेको छ । रास्वपा कञ्चनपुरले वर्तमान नेपाली काँग्रेस, एमाले नेतृत्वको गठबन्धन सरकारले नागरिकको अधिकार कुण्ठित गर्न खोजेको भन्दै बिरोधमा उत्रिएको छ । सोमबार जिल्ला प्रशासन कार्यालय कञ्चनपुर मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र बुझाउँदै बिरोध जनाएको हो ।

रास्वपा कञ्चनपुरका सभापति पदम विष्टले चार बुँदे माग अघि सारेर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा ज्ञापन पत्र बुझाएको बताए । उनका अनुसार समाजिक सञ्जाल बन्द निर्णय फिर्ता लिनुपर्ने, दुरुपयोग नीति, कार्यक्रम रोक्नुपर्ने लगायतका माग अघि सारिएका छन । रास्वपा कञ्चनपुरका कोषाध्यक्ष एव अधिवक्ता नविन चन्दले वर्तमान सरकारले संविधानमै भएको नागरिकको अधिकार कुण्ठित गर्ने काम गरेको बताउँदै पाटीले अहिले आग्रह गरेर समाजिक सञ्जाल बन्द सरकारको निर्णय फिर्ता लिनुपर्ने बताए ।

### जेनजी आन्दोलन : माओवादी द्वारा कञ्चनपुरमा गृहमन्त्री र प्रधानमन्त्रीको पुत्ला दहन

सोमबार राजधानी काठमाण्डौंमा समाजिक सञ्जाल बन्द र भ्रष्टाचार बिरुद्धमा जेनजी आन्दोलनमा प्रहरीले नाबालकमाथि गोली बर्षाएर निर्हत्था नागरिकको हत्या गरेको भन्दै नेकपा माओवादीले सरकारको राजिनामा माग अघि सारेको छ ।

माओवादी केन्द्र कञ्चनपुरले महेन्द्रनगरमा गृहमन्त्री रमेश लेखक र प्रधानमन्त्री केपी शर्मा ओलीको पुत्ला दहन गरेका हुन । जेनजी आन्दोलनमा सरकारले नाबालक विद्यार्थीको टाउकोमा गोली प्रहार गरेर हत्या गरेको भन्दै प्रधानमन्त्री ओली र गृहमन्त्री लेखकको पुत्ला दहन गरेको माओवादी नेताहरुले बताएका छन ।

नेकपा माओवादी नेतृ माया नेगीले सरकारले जनतालाई सेवा सुविधा दिनुको साटो आन्दोलनमा छानिछानी टाउकोमै गोली प्रहार गरेको हुँदा बिरोध स्वरुप गृहमन्त्री र प्रधानमन्त्रीको पुत्ला दहन गरेको बताए ।

‘यो सरकारले आफ्ने नैतिक हैसियत गुमाईसकेको छ, यसबाट नागरिकले केही पाउनु भन्दा पनि झन दुख मात्रै पाउँछन, ‘उनले भने, ‘जति यो सरकार रहन्छ, त्यती नागरिकले ज्यान गुमाउनुपर्छ,त्यसैले यो सरकारको बिदाई गर्नुको विकल्प छैन ।’ उनले अब यो मन्त्री, उ प्रधानमन्त्रीको राजिनामा भन्दा सिङगै सरकार ढाल्नुपर्ने बताईन ।

अखिल क्रान्तिकारी कञ्चनपुरका विद्यार्थी नेता दल बहादुर धामी(अबिरल)ले शान्तिपूर्ण बिरोध प्रर्दशनमा सरकारले आन्दोलनमा उत्रिएका जेनजी समुहका युवा विद्यार्थीलाई उत्तेजित बनाएर आन्दोलन भडकाएको बताए ।

‘यो आन्दोलनमा छानिछानी सडकमा किताब बोकेर विद्यालय गईरहेका र विद्यालयबाट घर फर्किन लागेका विद्यार्थीको टाउमा छानिछानी गोली प्रहार गरिएको छ ।’ माओवादी कञ्चनपुरले समाजिक सञ्जाल बन्दको निर्णय फिर्तादेखि भ्रष्टाचार मात्रै पनि रोक्न सुझाव दिएको छ ।

## के तपाईलाई थाहा छ ?

**–हुलाकले चिठीपत्र मात्र होइन, समान पनि बोक्छ नि । –तपाईको २० केजीसम्मको समान देशभरि जुनसुकै जिल्लामा पठाउन सकिन्छ । –पठाएको समान वा चिठी पत्र कहाँ पुग्यो भनेर आफ्नै मोबाइलबाट tracjimg गर्न सकिन्छ । –साथै विश्वका सम्पूर्ण देशहरुबाट समान (Parcle) नेपालमा प्राप्त गर्न सकिने र नेपालबाट ७१ देशका ९३ गन्तव्यमा पठाउन सकिने ।**

## जिल्ला हुलाक कार्यालय कञ्चनपुर

# मन्त्रिपरिषद् बैठकमा ओली : मेरो पद जाओस् तर देशलाई हेप्ने मेटासँग झुक्दिनँ

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २३ भदौ**

प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रिपरिषद् बैठकमा फेसबुकलगायत सामाजिक सञ्जालमाथिको प्रतिबन्ध हटाउन नसकिने बताएका छन् । जेनजी प्रदर्शनकारीले सोमबार देशका विभिन्न स्थानमा गरेको प्रदर्शनमा सरकारले व्यापक दमन गर्दा २० युवाको ज्यान गएको छ । चार सय बढी घाइते भएका छन् ।

साँझ नै बसेको नेपाली कांग्रेसको पदाधिकारी र पूर्वपदाधिकारी बैठकबाटै सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपी शर्मा ओलीलाई फोन गरेर मन्त्रिपरिषद् बैठक राखेर सामाजिक सञ्जाल तत्काल खोल्न आग्रह गरेका थिए । सोमबार साढे ७ बजे मन्त्रिपरिषद् बैठक बस्यो ।तर, प्रधानमन्त्री ओलीले सामाजिक सञ्जाल खोल्न नसकिने बताए । ‘मेटाले एक जना महिलाको नाममा एउटा पत्र पठाएको रहेछ, बैठकमै त्यसलाई पढेर सुनाइएको थियो,’ एक मन्त्रीले भने, ‘बैठकमा सुनाइएको पत्र अनुसार नेपालमा फेसबुक नचलाए पनि केही फरक पर्दैन, हामीले कम्पनी स्थापना



गर्नुपर्छ भन्ने के छ? नेपालजस्तो भ्रष्ट देशमा हामीले चलाउनै पर्छ भन्ने पनि केही छैन भन्ने कुरा उल्लेख गरिएको थियो ।’ जुन पत्रकै कारण आफू सामाजिक सञ्जाल बन्द गर्नुपर्छ भन्नेमा पुगेको पनि ओलीले प्रस्टीकरण दिएको ती मन्त्रीले बताए ।

‘प्रधानमन्त्रीले बरु मलाई कुनै जिम्मेवारीमा नरहँदा खुसी हुन्छु तर, देशलाई हेपेको मलाई सहन गाह्रो भयो । पीडा भयो,’ ओलीको थप भनाइ ती मन्त्रीले उद्धृत गर्दै भने, ‘पटकपटक अनुरोध गर्दा पनि टेरेको छैन, यस्ता खालको पत्र पठाउँछ अनि बन्द नगरेर के गर्नु ?’ सबैको साथ पाएको भए मेटा आफै झुक्ने सम्भावना रहे पनि साथ नपाएको ओलीले गुनासो गरे । ‘सिंगो कम्पनी पछि झुक्छ भन्ने नै मेरो बुझाइ थियो तर, नेपालीहरूले अलि अडान दिएर कम्पनीसँग हामी झुक्दैनौं भनिदिएको भए ऊ झुक्थ्यो, मेरो अरु कुनै स्वार्थ होइन, केही होइन, स्वाभिमानमा आँच आउने गरी उसले जसरी हेप्यो, त्यो कारणले बन्द गर्नुपरेको हो,’ ओलीले भने ।

त्यसलाई के गर्ने भन्ने बारेमा निर्णय गर्न कांग्रेस सभापति शेरबहादुर देउवा र ओलीबीच बालुवाटारमा बैठक बसिरहेको छ ।

सरकारले दर्ता र सूचीकरण हुन नआएका मेटासहितका २६ वटा सामाजिक सञ्जाललाई गत बिहीबारदेखि बन्द गराएको छ ।

भ्रष्टाचार र सञ्जाल बन्दको विरोध गर्दै युवाहरुले सोमबार काठमाडौँसहित देशका विभिन्न ठाउँमा प्रदर्शन गरेका थिए । तर, सो प्रदर्शनमा प्रहरीले व्यापक दमन गर्दा काठमाडौंको नयाँ बानेश्वरमा १८ र सुनसरीको इटहरिमा २ गरी २० जनाको निधन भएको छ ।

सामाजिक सञ्जाल बन्द गरेकै कारण जेनजी बढी आक्रोशित भएको ठहर गर्दै कांग्रेस सभापति देउवाले सोमबार बेलुकादेखि नै चल्न बनाउन ओलीलाई भनेका थिए ।

# जेनजी प्रदर्शनमा भएको घटनाबारे छानबिन गर्न समिति गठन

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २३ भदौ**

सरकारले सोमबार जेनजीहरूले गरको प्रदर्शनका क्रममा भएको घटनाबारे छानबिन गर्न समिति गठन गरेको छ ।

सोमबार साँझ बसेको मन्त्रिपरिषद बैठकले १५ दिनभित्र प्रतिवेदन बुझाउने गरी निर्णय गरेको खेलकुदमन्त्री तेजुलाल चौधरीले जानकारी दिए । सोमबार भएको प्रदर्शनमा इटहरीमा २ जना र काठमाडौंमा १८ गरी २० जनाको निधन भएको छ । यस्तै, ४२२ जना घाइते छन् । उनीहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ ।

घाइतेको निशुल्क उपचार गर्न स्वास्थ्य मन्त्रालयले अस्पतालहरूलाई निर्देशन दिएको छ । आजको बैठममा सामाजिक सञ्जाल सञ्चालनको विषयमा स्वास्थ्यमन्त्री प्रदीप पौडेल र प्रधानमन्त्री केपी शर्मा ओलीबीच चर्काचर्की भएको थियो ।

पौडेलले सामाजिक सञ्जाल खोल्नुपर्छ भन्दा ओलीले नेपाललाई हेपेर दर्ता गर्न नआएको कम्पनीसँग झुक्न सकिँदैन भनेर आफ्नो अडान कायमै राखेका छन् ।

## नेपाल सरकार
## कृषि तथा पशुपन्छी विकास मन्त्रालय
## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
## कार्यक्रम कार्यान्वयन एकाइ, कञ्चनपुर

## कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८२/०५/२३ गते**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कञ्चनपुरको चालु आ.व. २०८२/८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम योग्यता पुगेका ईच्छुक कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले ३० औं दिन भित्र (मिति २०८२/०६/२१ गते भित्र) यस कार्यक्रम कार्यान्वयन एकाइमा अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**तपसिल** :

| सञ्चालन हुने कार्यक्रमको नाम | लक्षित लाभग्राही क्षेत्र | कार्यक्रम सञ्चालन हुन | कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु | अनुदान रकम तथा भुक्तानी प्रक्रिया |
|---|---|---|---|---|
| कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम | १६-४० वर्ष उमेर समूह भित्रका युवाकृषि उद्यमी | जिल्लाभरी | कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८२ को दफा ४ मा उल्लेख भए बमोजिम | प्रस्तावको कुल लागतको बढीमा पचास प्रतिशत वा चार लाख रुपैंया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने । |

**निवेदन साथ संलग्न कागजातहरु:**

(१) कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव ।
(२) निवेदकको व्यक्तिगत तथा तीनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि) ।
(३) कार्यक्रम सञ्चालनका लागि आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौता पत्रको प्रतिलिपि) ।
(४) उद्यम वा व्यवसाय दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोवार सम्बन्धी अन्य कागजातहरु ।
(५) स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि ।
(६) समूह/सहकारी संस्थाको सदस्य भएमा सम्बन्धित समूह/सहकारी संस्थाको सिफारिस पत्र ।

**पूनश्च**: अनुसूची-२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची-३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्तावना पत्र कार्यक्रम कार्यान्वयन एकाइ, कञ्चनपुरको कार्यालयमा र कार्यालयको वेभसाइट **piukanchanpur.pmamp.gov.np** बाट प्राप्त गर्न सकिनेछ ।

*“आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, विशिष्टिकरण र औद्यौगिकीकरण”*

कुखुरा तथा मानिसमा लाग्ने बर्ड फ्लु (Avian Influenza–H1N1)

# रोग सम्बन्धि अत्यन्त जरुरी सूचना

छिमेकी राष्ट्र भारतका सिमावर्ती जिल्लाहरु उधमसिह नगर र बागेश्वरमा उच्च संक्रमण जोखिम भएको बर्ड फ्लु रोग फैलिएको भन्ने भारतिय सञ्चार माध्यमबाट जानकारीमा आएकोले कञ्चनपुर जिल्लाका पन्छीपालक कृषकहरुले उच्च सतर्कता अपनाउनु हुन हार्दिक अनुरोध छ ।

**बर्ड फ्लु रोगका लक्षणहरुः**
- अत्याधिक धेरै संख्यामा कुखुराहरु मर्ने ।
- कुखुराको आँखा घाँटी वरिपरी सुन्निनु
- आँखा र नाकबाट पानी चुहिनु
- सिउर लोती र खुट्टा निलो हुनु ।
- श्वासप्रश्वासमा समस्या घाँटी घ्यार घ्यार गर्नु ।
- झोक्राउने दानापानी नखाने र अण्डा उत्पादन घट्ने ।

माथि उल्लेखित लक्षणहरु देखा परेमा यथासिघ्र आफ्नो गाउँपालिका/नगर पालिकाको पशुपन्छी शाखामा वा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारी गराउनु हुन अनुरोध छ ।

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कञ्चनपुर**

# सुदूरपश्चिम विश्वविद्यालय
केन्द्रीय कार्यालय
महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/१५)

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरणः २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालनः २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रमः २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भः २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षाः २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमशः २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. योगेश नागेंदर
M.B.B.S., MD, DM (Cardiology)
वरिष्ठ हृदय रोग विशेषज्ञ 14 वर्षों का अनुभव
एंजियोग्राफी
पेसमेटर
एंजियोप्लास्टी
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

## नयाँ विद्यार्थी भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाईने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परिक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



*विस्तृत जानकारीका लागि सम्पर्क*

**जनज्योति बहुमुखी क्याम्पस**
झाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३

आनंद हॉस्पिटल एंड रिसर्च सेंटर
सी एस डी कैंटीन के सामने, खटीमा
डॉ. गणेश बी. एल.
M.Ch. (Neurosurgery) (DELHI AIIMS)
वरिष्ठ न्यूरो रोग विशेषज्ञ (8 वर्षों का अनुभव)
क्या आपको सिर, गर्दन एवं कमर में दर्द है ?
खटीमा के पहले एंडोवैस्कुलर ब्रेन एवं स्पाईन रोग विशेषज्ञ
विशेष ओ.पी.डी. माह के प्रथम 3 गुरुवार
समय-दिन 2 से सायं 5 बजे)
BOOK AN APPOINTMENT Mob. 9675533333
Ujala Cygnus
सेंट्रल हॉस्पिटल हल्द्वानी

# शिक्षाशास्त्र केन्द्रीय विभाग
महेन्द्रनगर, कञ्चनपुर

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

मिति २०८२/०४/२०

सुदुरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

तपसिलः

| क.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

नोटः
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्कः रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्कः रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैंक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

आवश्यक प्रमाणपत्रहरुः
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

विभागीय प्रमुख

# जेनजी प्रदर्शनमा अत्यधिक दमन भएपछि गृहमन्त्री लेखकले दिए राजीनामा

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २३ भदौ**

जेनजीको प्रदर्शनमा अत्यधिक दमन भएपछि आलोचना खेपिरहेका गृहमन्त्री रमेश लेखकले राजीनामा दिएका छन् ।



उनले मन्त्रिपरिषद् बैठकमै प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा पत्र बुझाएका हुन् । सोमबार साँझ बसेको कांग्रेस पदाधिकारीहरूको बैठकमा गृहमन्त्रीको भूमिकामाथि प्रश्न उठेको थियो । ठूलो मानवीय क्षति हुने गरी बल प्रयोग गरेको भन्दै नेताहरूले प्रश्न उठाएका थिए ।

जेनजीले काठमाडौंसहित देशका विभिन्न सहरमा गरेको प्रदर्शनमा ठूलो मानवीय क्षति भएको छ । काठमाडौं उपत्यकामा १८ र इटरीमा २ जना गरी २० जनाको मृत्यु भएको छ। अढाई सयभन्दा बढी घाइते भएका छन्। बानेश्वरको संसद् भवनमा प्रदर्शनकारी प्रवेश गरेका थिए ।

### जेनजीका अभियन्ताले भने–

# रास्वपा र दुर्गा प्रसाई समूहले आन्दोलनलाई अराजक बनाए

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २३ भदौ**

जेनजी समूहका अभियन्ता अमित खनालले राजनीतिक प्रवेशले आन्दोलनलाई अराजक बनाएको प्रष्टीकरण दिएका छन् ।

नेपाल प्रेससँगको कुराकानीमा उनले यो हामीले आयोजना गरेको शान्तिपूर्ण आन्दोलनमा राजनीतिक समूहको प्रवेश पछि आन्दोलन अराजक बनाएको दाबी गरेका छन् । उनले आन्दोलन पूर्ण रुपमा शान्तिपूर्ण हुने थियो, केही व्यक्ति र समूहको प्रवेशले आन्दोलन दुःखद मूडभेठ तर्फ पुगेको बताए ।

कुन समूहको प्रवेश थियो ? भन्ने प्रश्नमा उनले रास्वपा र दुर्गा प्रसाईंका केहि कार्यकता उनीहरूसँग जोडिएको बताए । 'त्यस क्रममा हामीले शान्तिपूर्ण प्रदर्शनको प्रस्ताव राखेका थियौं, उहाँहरुले समर्थन गर्नुभएको पनि थियो', उनले भने । भीड बढ्दैं जाँदा उनीहरु पछिबाट अराजक भएको र तोडफोडको मनस्थितीमा देखिएपछि हामी बाँहिरिएको संयोजक खनालले भने ।

त्यस्तै उनले कुराकानीमा हामीलाई देखाएर राजनीतिक दल र स्वार्थ भएका मान्छेहरु आफ्नो राजनीतिक स्ट्न्ड गरी दुखद घटना घट्ना घट्न गएको उनले स्वीकार गरे ।

भ्रष्टाचार र सुशासन हाम्रो मुख्य मुद्धा रहेतापनि हामीले थोरै मात्रा सामाजिक सञ्जालको विषय उठान गरेको र उनीहरुले सो कुरामा जोड् दिई आन्दोलनलाई भाड्न खोजेको आरोप लगाएका छन् ।

राज्य प्रणालीमा भ्रष्टाचारमूक्त नेपाल र प्रणालीको पक्षमा प्रर्दशन गर्ने भनि जेनजी समूहले सोमबार काठमाडौंको माइतीघरमा प्रदर्शनको घोषणा गरेको थियो ।

# मन्त्री पाल जोडिएको बैतडी बालक मृत्यु घटनामा थालियो अनुसन्धान

**–पश्चिम नेपाल संवाददाता**
**बैतडी, २३ भदौ**

बैतडीको डिलासैनी गाउँपालिका-३ का १४ वर्षीय बालक किरण कोली मृत्युका विषयमा बैतडी प्रहरीले पूरक जाहेरीमा अनुसन्धान अगाडि बढाएको छ ।

विद्युत्को हाइटेन्सन लाइनमुनि थुपारिएको बालुवामा खेल्ने क्रममा गत साउन १७ गते मृत्यु भएका बालक किरणको विषयमा हुलाकमार्फत पूरक जाहेरी प्राप्त भएको र सनाखतका लागि पत्र पठाइसकेको जिल्ला प्रहरी कार्यालय बैतडीका प्रहरी नायव उपरीक्षक दीपककुमार रायले बताए ।

'बालक किरण कोलीको बालुवाको थुप्रोमा खेल्ने क्रममा करेन्ट लागेर मृत्यु भएको विषयमा पहिले नै जाहेरी दर्ता भई अनुसन्धान भइरहेको छ,' उनले भने, 'हुलाकबाट पूरक जाहेरी प्राप्त भएको छ, सो माथि अनुसन्धान भइरहेको छ ।'

सनाखतका लागि हुलाकमार्फत पत्र पठाएसके पनि अहिलेसम्म पीडित सम्पर्कमा नआएको उनले बताए ।

बालकका बाजे हरिचन्द्र कोलीले दिएको जाहेरी गोकुलेश्वर प्रहरीको समन्वयमा साउन २१ गते इलाका प्रहरी कार्यालय पाटन बैतडीमा ज्यानसम्बन्धी मुद्दामा दर्ता भरेर अनुसन्धान चलिरहेको रायले बताए ।

मृतक बालककी आमा राजमती कोलीले घटनामा सुदूरपश्चिम प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री सुरेन्द्र पालको निर्माण कम्पनीले विद्यत् हाइटेन्सन लाइनमुनि थुपारेको बालुवाका कारण करेन्ट लागेर छोराको मृत्यु भएको भन्दै मन्त्री पाल, मन्त्रीका छोरा मुकेश र वडाध्यक्ष रघुवीर बोहराको नाममा हुलाकमार्फत जाहेरी दिएकी हुन् ।

किरणको मृत्युलगत्तै वडाध्यक्ष बोहराले मृतककी आमा राजमतीको खातामा पाँच लाख जम्मा गरि दिएका थिए । राजमतीले भने आफू बेहोस भएको अवस्थामा थाहा नै नदिई घटना मिलाउन पैसा जम्मा गरेको आरोप लगाइकी छन् । वडाध्यक्ष बोहराले पीडितलाई सहयोग गर्ने उद्देश्यले पार्टीका साथीहरुसँग मिलेर सहयोग गरेको बताएका थिए ।

देवर र कान्छो छोरालाई साथमा लिएर बैतडी सदरमुकाम पुग्दा प्रहरीले जाहेरी लिन नमानेपछि हुलाकमार्फत जाहेरी दिएको पीडित राजमतीको भनाइ छ । अहिले न्याय माग्न उनी काठमाडौं पुगेकी छन् ।




# प्रधानमन्त्रीले भने– घुसपैठका कारण नागरिकको ज्यान जाने दु:खद परिस्थिति उत्पन्न भयो

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २३ भदौ**

प्रधानमन्त्री केपी शर्मा ओलीले जेन-जी पुस्ताले आह्वान गरेको प्रदर्शनका क्रममा भएको घटनाप्रति दुःख प्रकट गरेका छन् ।


केहीबेर अघि एक अपिलमार्फत् उनले प्रदर्शनमा विभिन्न स्वार्थी समूह घुसपैठ गरेपछि संवैधानिक निकायका संरचनामा तोडफोड, आगजनी हुन थालेपछि राज्यको सम्पत्ति जोगाउनुपर्ने स्थिति सिर्जना भएको बताएका छन् ।

सामाजिक सञ्जाललाई बन्द गर्ने कुनै सरकारको कुनै नीति नभएको प्रष्टीकरण दिँदै उनले सर्वोच्च अदालतको आदेशअनुसार दर्ता र सूचीकरण नगरेका कारण सामाजिक सञ्जाल अस्थायी रूपमा निस्कृय गरिएको बताएका छन् । घटनामा ज्यान गुमाएकाप्रति समवेदना प्रकट गर्दै ओलीले पीडित परिवारलाई राहत र घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था हुने जानकारी दिए ।

साथै आजको सबै घटना र क्षतिको छानबिन गरी आगामी दिनमा यस्तो परिस्थित आउन नदिन सिफारिस सहित १५ दिनभित्र प्रतिवेदन पेश गर्नेगरी छानविन समिति गठन गर्ने प्रतिवद्धता जनाए ।

ओलीले भनेका छन्, 'हामी जेन-जी पुस्ताको मागलाई सुनिरहेका थियौं । तर प्रदर्शनमा 'घुसपैठले हाम्रा संवैधानिक संस्थाहरुका कार्यालयहरुमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याउने घटनाहरु भए र ती संस्थाका संरचनाहरु जोगाउने प्रयास गर्दा ज्यान जाने अप्रिय स्थिति उत्पन्न भयो ।'





## यस्तो छ प्रधानमन्त्रीको वक्तव्य

***आदरणीय दाजुभाइ तथा दिदीबहिनीहरु***

*जेन-जी पुस्ताले आज आह्वान गरेको प्रदर्शनका क्रममा भएको दुःखद् घटनाले मलाई मर्माहित बनाएको छ । हाम्रा छोराछोरी पुस्ताले आफ्ना माग शान्तिपूर्ण रुपमा राख्नेमा हामी आश्वस्त रहेकामा प्रदर्शनमा विभिन्न स्वार्थ केन्द्रबाट भएको घुसपैठका कारण उत्पन्न परिस्थितिले नागरिकको ज्यान जाने दुःखद् परिस्थिति उत्पन्न भयो ।*

*जेन-जी पुस्ताले राखेको मागप्रति सरकार नकारात्मक थिएन । हामी जेन-जी पुस्ताको मागलाई सुनिरहेका थियौं । तर प्रदर्शनमा भएको घुसपैठले हाम्रा संवैधानिक संस्थाहरुका कार्यालयहरुमा तोडफोड र आगजनी गरी क्षति पुऱ्याउने घटनाहरु भए र ती संस्थाका संरचनाहरु जोगाउने प्रयास गर्दा ज्यान जाने अप्रिय स्थिति उत्पन्न भयो । प्रदर्शनका आयोजक स्वयंले प्रदर्शनमा घुसपैठ भएको थाहा पाएर आजको प्रदर्शन सफल भएको र ढिलो नगरी सबैलाई घर फर्कन आह्वान गरिसकेपछि घुसपैठियाहरुले तोडफोड र आगजनी गरे । यसबाट सरकारले राज्यको सम्पति जोगाउन प्रयास गर्नु पर्ने स्थिति उत्पन्न भयो । सरकारले सामाजिक सञ्जालमा हुने अवाञ्छित कार्यबाट नागरिकलाई जोगाउन विगत एक वर्ष अघिदेखि नै यसलाई नियमन गर्ने प्रयोजनका लागि सम्बन्धित कम्पनीहरुलाई नेपालमा सूचिकरण गर्न पटक पटक आग्रह गर्दै आएको थियो ।*

*कतिपय प्लेटफर्महरुले सरकारको आग्रह अनुरुप नेपालमा दर्ता र सूचिकरण गरे पनि केहीले पटक पटकको आग्रहलाई बेवास्ता गर्दै आएको परिस्थितिमा सम्मानित सर्वोच्च अदालतले सामाजिक सञ्जाललाई अनुगमन गर्न सकिनेगरी दर्ता र सूचिकरण गरेर मात्र सञ्चालन गर्न सरकारका नाममा निर्देशनात्मक आदेश दिएको थियो । सरकारले सामाजिक सञ्जाललाई बन्द गर्ने कुनै नीति लिएको थिएन र छैन । अदालतको आदेश बमोजिम अन्तिम पटक सूचिकरणका लागि गत हप्ता सरकारद्वारा गरिएको आह्वानको समेत बेवास्ता भएपछि सूचिकरण हुनासाथ सञ्चालन हुने गरी त्यसलाई निस्कृय गरिएको थियो । बीसौं वर्षदेखि सामाजिक सञ्जाल प्रयोग गर्दै आएको हाम्रो नयाँ पुस्तालाई पक्कै पनि यसले असर पारेको थियो । राज्यको कानुन र अदालतको आदेश बमोजिम सामाजिक सञ्जाललाई दर्ता र सूचिकरण गरी व्यवस्थित रुपमा चलाउने हाम्रो प्रयासका सम्बन्धमा पर्याप्त जानकारीको अभाव र हाम्रो जेन-जी पुस्ताको सोचबीच केही अस्पष्टताले आजको अवस्था सिर्जना भयो । सरकार सामाजिक सञ्जालको प्रयोगलाई रोक्ने पक्षमा थिएन र त्यसको प्रयोग गर्ने वातावरण सुनिश्चित गर्ने छ । यसका लागि प्रदर्शन गरिरहनु पर्ने थिएन । र, गरिरहनु पर्ने स्थिति रहन दिइने छैन ।*

*आजको प्रदर्शनको क्रममा नागरिकहरुले ज्यान गुमाउनु परेकोमा म अत्यन्तै दुःखी भएको छु । यस अकल्पनीय घटनाबाट परिवारका सदस्य गुमाउनु भएका परिवार र आफन्तजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु । मृतकको परिवारलाई सरकारले उचित राहतको व्यवस्था गर्ने छ र घाइतेहरुको निःशुल्क उपचारको व्यवस्था गर्ने छ ।*

*आजको सम्पूर्ण घटनाक्रम र क्षति एवं त्यसको अवस्था र कारण समेतको छानविन र विश्लेषण गरी आगामी दिनमा यस्ता दुर्घटनाहरु हुन नदिन चालिने कदमहरुको सिफारिस समेत गर्नका लागि १५ दिनभित्र प्रतिवेदन पेश गर्नेरी छानविन समिति गठन गरिने कुराको विश्वास दिलाउन चाहन्छु ।*

***२३ भदौ २०८२ केपी शर्मा ओली***

# जेनजीलाई आन्दोलन स्थगन गर्न सरकारको आग्रह, सामाजिक सञ्जाल बन्द गर्ने निर्णय फिर्ता

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, २३ भदौ**

सरकारले जेनजी पुस्तालाई आन्दोलन स्थगित गरी शान्ति सुव्यवस्था कायम गर्न सहयोगका लागि आग्रह गरेको छ ।

आन्दोलनमा आफ्नो अभिष्ट पूरा गर्ने उद्देश्यकले घुसपैठ गरी सार्वजनिक सम्पत्ति तोडफोड गरी अराजक मच्चाउने तत्वको पहिचान गरीघटना छानबिन गर्न यथाशीघ्र समिति गठन गर्ने निर्णय पनि क्याविनेटले गरेको छ ।

मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्दै सञ्चारमन्त्री पृथ्वी सुब्बागुरुङले आजको आनन्दोलनमा मृतक भएकाको श्रद्धाञ्जलीसहित परिवारजनमा समवेदना प्रकट गरेको बताए ।

मृतकका परिवारलाई राहत तथा घाइतेको सरकारले उपचारको व्यवस्था मिलाउने उनको भनाइ छ । उनले सरकारले जेनजीहरुको माग अनुसार सामाजिक सञ्जाल बन्द गर्ने निर्णय फिर्ता लिएको पनि जानकारी दिए ।

उनले भ्रष्ट र पारदर्शिता नभएको मुलुकमा दर्ता नगर्ने भन्दै सामाजिक सञ्जाल 'एक्स' द्वारा नेपालमा दर्ता हुन अस्वीकार गरेको पनि बताएका छन् ।



## माओवादीले माग्यो प्रधानमन्त्रीको राजीनामा

यसैबिच नेकपा माओवादी केन्द्रले प्रधानमन्त्री केपी ओलीको राजीनामा मागेको छ ।

आज आकस्मिक रूपमा बसेको पार्टीको पदाधिकारी बैठकले प्रधानमन्त्रीले तत्काल राजीनामा दिनुपर्ने निर्णय गरेको प्रवक्ता अग्नि सापकोटाले बताए ।

बैठकले जेन जी आन्दोलनमा क्रममा मृत्यु भएकाहरूलाई शहीद घोषणा गर्नुपर्नेलगायतका माग गर्दै निम्न ८ बुँदे माग अघि सारेको छ ।

उनले भने, भ्रष्टाचारको अन्त्य र सामाजिक सञ्जाल बन्द गर्ने सरकारको निर्णयप्रति जेन-जी पुस्तासँग हाम्रो धारणा समान छ । त्यसैले आन्दोलनलाई शान्तिपूर्ण र संयमित रूपमा सञ्चालन गर्न अपिल गरिन्छ ।

इतिहासकै कलङ्कको रूपमा भएको नरसंहार को जिम्मा सरकारले लिनुपर्दछ, र प्रधानमन्त्रीले तत्काल राजीनामा दिनुपर्छ ।

## प्रधानमन्त्रीले अहिले राजीनामा दिनुहुन्न: सञ्चार मन्त्री गुरूङ

सञ्चार, सूचना तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले अहिले प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा नदिने बताएका छन् ।

सोमबार बसेको मन्त्रिपरिषद्को निर्णय सुनाउँदै उनले यस्तो बताएका हुन् । उनले प्रमुख प्रतिपक्षी दलहरूले सडकबाट राजीनामा माग्दैमा प्रधानमन्त्री केपी शर्मा ओलीले र ाजीनामा नदिने बताए ।

उनले भने, 'अहिले प्रधानमन्त्रीको राजीनामा आउँदैन । प्रतिपक्षी दलहरूले अहिले सडकमा बसेर मागेर हुँदैन ।'

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७